राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३३, चैत ६ गते शुक्रबार, २०८२ (20 March, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# दलहरूलाई प्रधानमन्त्रीको धन्यवाद

## प्रचण्ड–माधवप्रति विशेष आभार, कांग्रेस–एमालेलाई सान्त्वनासहितको ‘सुझाव’

■ जनजिब्रो संवाददाता

**काठमाडौं** । २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा भाग लिएर शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सहयोगी भूमिका निर्वाह गरेको भन्दै प्रधानमन्त्री सुशीला कार्कीले नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) तथा नेपाली कम्युनिस्ट पार्टी लगायत राजनीतिक दलका नेताहरूलाई सरकारी निवास बालुवाटारमा बोलाएर धन्यवाद दिएकी छन् ।



प्रधानमन्त्रीको निमन्त्रणामा नेपाली कम्युनिस्ट पार्टीका संयोजक-सहसंयोजक एवं पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल ‘प्रचण्ड’ र माधवकुमार नेपाल तथा नेताहरू नारायणकाजी श्रेष्ठ, वर्षमान पुनलगायत बालुवाटार पुगेका थिए । सो अवसरमा प्रधानमन्त्री कार्की र नेताहरूबीच भर्खरै सम्पन्न प्रतिनिधिसभा निर्वाचन र समसामयिक राजनीतिक विषयमा समेत छलफल गर्दै निर्वाचनमा विजयी भएका नेताहरूलाई बधाई समेत दिइएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए । ‘तपाईंहरूले निर्वाचनमा भाग लिनुभयो, यो निर्वाचनको पक्षमा सकारात्मक वातावरण बनाउनुभयो र मुलुकलाई शान्तिपूर्ण एवं लोकतान्त्रिक विधिबाट निकास दिन सहयोगी भूमिका निर्वाह गर्नुभयो; यसका निम्ति सबैलाई धन्यवाद छ,’ प्रधानमन्त्री कार्कीलाई उद्धृत गर्दै रावलले भने- ‘निर्वाचित प्रतिनिधिसभा सदस्यलाई बधाई तथा सफल कार्यकालको शुभकामना छ ।’

त्यस क्रममा नेकपा संयोजक प्रचण्डले भने- ‘यो निर्वाचन नभएको भए मुलुक अर्को ठूलो दुर्घटनामा जान सक्ने सम्भावना थियो, यसमा जुन साहस र मेहनतका साथ तपाईंले काम गर्नुभयो, यो निकै महत्त्वपूर्ण र प्रशंसालायक छ ।’ आफू र आफ्नो पार्टी सुरुकै दिनदेखि निर्वाचनको पक्षमा उभिएको स्मरण समेत उनले गराए । अस्तव्यस्त अवस्थाको मुलुकलाई सम्हालेर ६ महिनाभित्रै चुनाव

क्रमशः अन्तिम पृष्ठमा

# पुरानालाई ३६ वर्ष कुरे, हामीलाई ३६ महिनै कुर्दैनन् : लामिछाने

**ललितपुर** । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले नवनिर्वाचित सांसदहरूको अभिमुखीकरण गर्दै परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ । मंगलबार र बुधबार ललितपुरमा सम्पन्न अभिमुखीकरणमा रास्वपाले नवनिर्वाचित सांसदहरूलाई संसदीय अभ्यास सिकायो ।

कार्यक्रममा सांसदहरूलाई प्रशिक्षण दिँदै सभापति रवि लामिछानेले समग्र देशको विकास गर्नु नै रास्वपाको योजना रहेको बताए । कार्यक्रमको समापन समारोहलाई बुधबार सम्बोधन गर्दै सांसदले आ-आफ्नो क्षेत्रको विकास गरेर मात्रै देशले न्याय नपाउने भएकाले समग्र मुलुकको विकासमा केन्द्रित हुन सभापति लामिछानेले सांसदहरूलाई निर्देशन दिए ।

जनताले दिएको जिम्मेवारी आफूहरूको काँधमा आइपुगेको भन्दै जिम्मेवार भई जनहितमा काम गर्न उनले सबैलाई आग्रह गरे । ‘सांसदको लोगो लगाएपछि महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्छ, पारदर्शिता राजनीतिको महत्त्वपूर्ण पक्ष हो । सांसद निर्वाचित भएको व्यक्तिको जनतासँग सधैं असल सम्बन्ध हुनुपर्छ, जनतासँग सुमधुर सम्बन्ध भएको नेतृत्व बन्नुस्,’ उनले भने- ‘अबको पाँच वर्षलाई जनताले आत्मसात् गर्न सक्ने र तपाईंको सम्बन्धले हरेक दिन उत्सव मनाउन सक्ने बनाउनुपर्छ ।’ जनताले रास्वपालाई कानुन बनाउने जिम्मेवारी दिएको भन्दै कानुन निर्माताका रूपमा गहन जिम्मेवारी छन् भन्ने सबैले बुझ्नुपर्ने धारणा सभापति लामिछानेले राखे । ‘बहाना बनाउन नपाउने गरी जनताले जिम्मेवारी दिएका छन्, पुराना राजनीतिक दललाई त जनताले ३६ वर्ष कुरे तर हामीलाई ३६ महिना पनि कुर्दैनन् । हामीले आफूलाई केन्द्रमा राखेर होइन, जनता र देशलाई केन्द्रमा राखेर काम गर्नुपर्छ,’ लामिछानेले भने- ‘नागरिकको चेतनामाथि विश्वास गरेर हामी अगाडि बढ्छौं, बिचौलियासँग बसेर चिया खानु अगाडि सहिदको बलिदानलाई सम्झिनुहोला ।’

यो सामान्य निर्वाचनबाट आएको जनमत नभएको उल्लेख गर्दै विशेष परिस्थितिमा जनताले रास्वपालाई विश्वास गरेकाले जिम्मेवारीबोध गरी काम गर्न सांसदहरूलाई लामिछानेले आग्रह गरे । ‘वैदेशिक सम्बन्धमा आँच आउने खालका सार्वजनिक अभिव्यक्ति नदिनुहोला, प्रभावकारी रूपमा सांसदको जिम्मेवारी निर्वाह गर्नुहोला, मत दिएका जनताको चुलो बल्ने व्यवस्था मिलाउनुहोला, सरकारी अस्पतालमा उपचार गराउनुहोला, सादगी जीवनशैली अपनाउनुहोला’- सांसदहरूलाई निर्देशित गर्दै उनले भने । ‘तपाईंको माध्यमबाट तपाईंको क्षेत्रका जनताले सुख पाउनुपर्छ । तपाईं अध्ययनशील हुनुपर्छ, नागरिकसँग सधैं सँगै हुनुपर्छ । संसद चलेको समयबाहेक तपाईं नागरिकसँग हुनुपर्छ । पार्टीले ज्ञाप-सीप र क्षमता हेरेर मन्त्री बनाउँछ’- उनले भने ।

क्रमशः अन्तिम पृष्ठमा

# ‘सुपरस्टार’ होइन, देशलाई खाँचो दूरद्रष्टाको

मानव शरीर र राज्य व्यवस्थाबीच एउटा गहिरो समानता छ । दुवैलाई जीवित र गतिशील राख्न बलियो प्रतिरक्षा प्रणाली आवश्यक पर्छ । चिकित्सा विज्ञानमा जब शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरस चिन्न छोड्छ वा आफ्नै स्वस्थ कोशिकालाई शत्रु ठानेर नष्ट गर्न थाल्छ, त्यसलाई ‘अटो-इम्युन डिजिज’ भनिन्छ ।

आज नेपालको राजनीति ठ्याक्कै यही ऐँजेरुले ग्रस्त छ । अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीले पहिलो पल्ट माघ १९ गते सोमबार सङ्घीय संसद् पुगेर राष्ट्रिय सभालाई सम्बोधन गर्दै देशलाई लागेको यही रोगबारे प्रस्ट पार्ने प्रयत्न पनि गरिन् । तोकिएको मितिमा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन आफ्नो सरकार आतुर रहेको सदनलाई बताइन् ।

आफू प्रधानमन्त्री बन्नुको बाध्यात्मक अवस्था र मुलुकको जटिलतालाई आफ्नै शैलीमा बयान गरेकी प्रधानमन्त्री कार्कीले मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको कुराबारे बहुकोणबाट स्पष्ट सन्देश पनि दिइन । सरकारको भूमिकामा रहेर उनले गर्नुपर्ने र भन्नुपर्ने कुरा त्यही

**समय- सन्देश**

ज्योतिकिरण

नै हो । तर के निर्वाचनबाट प्राप्त परिणामले देशको रोग निको हुन्छ ? मुख्य प्रश्नको उत्तर अझै अमूर्त छ । यो अमूर्त उत्तरलाई मूर्त रूपमा रूपान्तरित गर्ने दायित्व निर्वाचनका मतदाताहरूकै काँधमा छ ।

शरीरमा ‘एन्टीबडी’ को काम बाह्य सङ्क्रमणलाई रोक्नु हो भने जस्तै राजनीतिमा नैतिकता, विधिको शासन र वैचारिक निष्ठा राजनीतिक एन्टीबडी हुन् । जब राजनीतिमा यी तत्त्वहरू क्षयीकरण हुन्छन्, तब समाजमा भ्रष्टाचार र दण्डहीनता जस्ता भाइरसहरूले सहजै प्रवेश पाउँछन् । अहिले नेपालको राजनीतिमा यी एन्टीबडीहरू यति कमजोर भएका छन् कि जसले संविधान र कानुनको रक्षा गर्नुपर्ने हो, उनीहरू नै त्यसको भक्षणमा तल्लीन छन् ।

चिकित्साशास्त्रमा सबैभन्दा खतरनाक स्थिति तब हुन्छ जब शरीरको रक्षक नै भक्षक बन्छ । नेपालको राजनीतिक सन्दर्भमा संवैधानिक

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ३३, चैत ६ गते शुक्रबार, २०८२

## सम्पादकीय

# मुख्य समस्या नीतिभन्दा व्यक्तिकेन्द्रित राजनीति

नेपाल राष्ट्र हालसम्म पनि नीतिकेन्द्रित हुन सकिरहेको छैन। ००७ सालयता नै हाम्रो मुलुक कुनै न कुनै रूपले नीति, पार्टी, कमिटी र सामूहिकताभन्दा नेताविशेष वा व्यक्तिविशेषको 'करिस्म्याटिक्स' को वरिपरि रुमल्लिँदै आएको छ। राष्ट्रिय राजनीतिमा बारम्बार बल्झिइरहेका समस्याहरूको मुख्य जड नै यही नीतिविहीनता र व्यक्तिकेन्द्रितता हो भन्नु अत्युक्ति हुँदैन।

२००७ सालको सेरोफेरोमा विश्वेश्वरप्रसाद कोइराला, सुवर्णशमशेर र टङ्कप्रसाद आचार्यजस्ता नेताहरूको 'करिस्म्याटिक्स' र व्यक्तित्व-टकरावले समस्या निम्त्यायो। २०४६ पछि त्यो रोगले गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालाई सतायो। २०६४ पछि सोही रोगले पुष्पकमल दाहाल-प्रचण्ड र बाबुराम भट्टराईहरूलाई हैरान पाऱ्यो। त्यसपछि केपी शर्मा ओली, माधवकुमार नेपाल र झलनाथ खनालहरूलाई सिध्याएको त्यो महामारी अब रवि लामिछाने र बालेन्द्र शाहहरूसम्म आइपुगेको छ। नीति र सामूहिक नेतृत्वमा आधारित राजनीति टिकाउ हुन्छ र त्यसले मुलुकलाई दिशा, निकास र विकास दिन सक्छ। नीतिको प्रचार र प्रशिक्षण नभएको पार्टी जति नै सुकै ठूलो र जति नै सुकै विशाल जनमत प्राप्त भए पनि त्यो खोक्रो अनि राष्ट्र र जनताका लागि बोझ मात्रै हुन्छ। ऊ बेलाका नेताहरूबीच टकराव नै भए तापनि कम्तिमा केही न केही मात्राको सुसङ्गठित पार्टी, न्यून नै भए पनि सामूहिक निर्णय र थोरै मात्रै अङ्गीकार गरे तापनि कुनै न कुनै सिद्धान्तद्वारा आलोकित थिए। तर, वर्तमानका 'नयाँ' हरूमा भने ती न्यूनतम पक्षहरू समेत पटक्कै छैनन्। 'पुरानाले गरेनन्, हामी गरिदिन्छौं' भन्नु मात्रै त कुनै नीति-विधि हुँदै होइन, जनतालाई झुक्याउने अस्त्र मात्रै हो।

अतः जनविश्वास र अवसर पाएकाहरूले स्पष्ट सिद्धान्तसहितको नीति अपनाऊ, विधिको अवलम्बन गर। भत्किएकाहरू पनि नीति-विधिमै फर्क!

# 'इरानको पक्षमा दृढतापूर्वक उभिन्छु'

**सामयिक समीक्षा**
*अरुन्धती रोय*

हामी यहाँ मेरो पछिल्लो पुस्तक 'मदर मेरी कम्स टु मी' बारे कुराकानी गर्न आएका हौं। हाम्रो कार्यक्रमबारे मलाई राम्रोसँग थाहा छ। तथापि हामी तेहरान, इस्फाहान र बेरुत जस्ता सुन्दर सहरहरू आगोको लप्कामा झोसिएको बारे चर्चा नगरी कसरी आफ्नो कुराकानी टुङ्ग्याउन सक्छौं होला त ?

मेरी आमा 'मदर मेरी' को खुला एवं कठोर स्वभावको चर्चा गर्दैगर्दा म यही मञ्चको प्रयोग गरेर अमेरिका र इजरायलले इरानमाथि अप्रत्याशित रूपमा थालेको एकतर्फी तथा गैरकानुनी हमलाबारे पनि केही भन्न चाहन्छु।

निःसन्देह यो हमला गाजामा चलिरहेको अमेरिकी-इजरायली नरसंहारकै निरन्तरता हो। नरहसंहारकारीहरू आफ्नो उही पुरानै 'प्लेबुक' प्रयोग गरिरहेका छन्। उनीहरू महिला र बालबालिकाहरूको हत्या गर्दै छन्। अस्पतालमा बम पड्काउँदै छन्। सहरहरूमा निसंकोच 'कार्पेट बम्बिङ' गर्दै छन्। र, उल्टै आफूहरू पीडित भएको अभिनय गर्दै छन्।

तर, इरान र गाजा उस्तै होइनन्। अब यो युद्धको क्षेत्र फैलिएर पुरा विश्वभर पुग्न सक्छ। हामी अहिले आणविक विनाश र आर्थिक विघटनको संघारमा आइपुगेका छौं। कुनै समय हिरोसिमा र नागासाकीमा आणविक हतियार प्रहार गर्ने मुलुक नै अहिले पनि संसारकै सबै भन्दा पुरानो मध्येको एउटा सभ्यतामा आणविक बम हान्न तयारी गर्दै गरेको हुनसक्छ।

यसबारे हामी अन्य अवसरमा पनि विस्तारमा कुरा गर्न सक्छौं। तर, अहिलेलाई म यत्ति भन्छु- म इरानको पक्षमा उभिन्छु। स्पष्ट रूपमा उभिन्छु। मलाई थाहा छ कुनै पनि देशको शासन सत्ता खराब हुनसक्छ। त्यस्तो सत्ता फेरिनुपर्ने हुनसक्छ। चाहे त्यो अमेरिका वा इजरायलमै किन नहोस्। तर, त्यस्तो परिवर्तन त्यहीँका जनताले गर्नुपर्छ। सम्पूर्ण संसारलाई धम्काउँदै आत्मसमर्पण गराउन खोजिरहेका ढोंगी, भुट, ठग, लोभी, अर्काको स्रोत-साधन हडप्ने, मनलाग्दी बम खसाल्ने साम्राज्यवादी शक्ति तथा यसका सहयोगीहरूले गर्ने होइन।

इरान उनीहरूसामु दृढतापूर्वक उभिएको छ। तर यता हाम्रो भारतले भने खुट्टा कमाएको छ। हाम्रो सरकार कति हुतीहारा र कायर रहेछ भन्ने थाहा पाउँदा मलाई लाज लागेको छ। अलि समय पहिले हामी धेरै गरिब त थियौं तर हामीसँग गौरव थियो। हाम्रो स्वाभिमान थियो। आज हामी धेरै गरिबहरू बसोबास गर्ने धनी मुलुक भएका छौं। यहाँका बेरोजगार जनताहरू वास्तविक खानेकुराको साटो घृणा र झुट मिसिएको विष पिइरहेका छन्। हामीले आफ्नो गौरव गुमाएका छौं। स्वाभिमान गुमाएका छौं। हिम्मत गुमाएका छौं। यी सबै कुराहरू अब हाम्रा चलचित्रहरूमा मात्रै हेर्न बाँकी छ। हामी कस्ता जनता हौं, जसको सरकार अमेरिकाले अर्को मुलुकको राष्ट्र प्रमुखलाई दिनदहाडै अपहरण गर्दा वा हत्या गर्दा पनि विरोध गर्न वा भर्त्सना गर्न सक्दैन ? के हामी आफूलाई पनि त्यस्तै गरेको हेर्न चाहन्छौं ? इरानमा इजरायलले हमला गर्नु केही दिन अघि हाम्रा प्रधानमन्त्री इजरायल पुगेर त्यहाँका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग अँगालो मारिरहेका थिए। यसको अर्थ के हो ?

अमेरिकाको सर्वोच्च अदालतले ट्रम्पका भन्सार शुल्कहरू गैरकानुनी घोषणा गरेको केही दिन अघि मात्रै हाम्रो सरकार अमेरिकासँग व्यापार सम्झौता गर्दै थियो। जस अनुसार हाम्रा किसान र कपडा उद्योग सबै ध्वस्त हुनेवाला छन्। यसको अर्थ के हो ?

अहिले हामीलाई रुसबाट तेल किन्न केही समयका लागि 'अनुमति' दिएको भनिएको छ। यो भनेको के हो ? हामीलाई के-के गर्न अनुमति चाहिने हो ? नुहाउन पनि अनुमति नै चाहिने हो कि ? कामबाट बिदा लिन पनि अनुमति चाहिने हो कि ? आफ्नै आमालाई भेट्न जान पनि अनुमति लिनुपर्ने हो कि ? प्रत्येक दिन डोनाल्ड ट्रम्पलगायत अमेरिकी राजनीतिज्ञहरू हामीलाई अपमानित गरिरहेका छन्। हाम्रो खिल्ली उडाइरहेका छन्। हाम्रा प्रधानमन्त्री लाज पचाएर आफ्नो चर्चित खोक्रो हाँसो हाँसिरहन्छन्। उनीहरूलाई नै अँगालो मारिरहन्छन्।

गाजामा चरम नरसंहार चलिरहेको घडीमा भारत सरकारले इजरायलमा हजारौं भारतीय कामदार पठायो। उनीहरू त्यहाँ कामबाट हटाइएका प्यालेस्टाइनी कामदारलाई विस्थापन गर्न पठाइएका थिए। आज इजरायल युद्धमा छ। इजरायलीहरू बङ्करमा लुक्न जाँदै गर्दा भारतीयहरूलाई भने बङ्करमा आश्रय लिने अनुमति नदिइएका खबरहरू आइरहेका छन्। यसको अर्थ के हो ? हामीलाई यस्तो अपमानजनक, निर्लज्ज र घिनलाग्दो अवस्थामा कसले पुऱ्यायो ?

तपाईंहरूमध्ये कतिपयलाई पक्कै पनि सम्झना छ होला, चिनियाँहरूले हामीलाई कम्युनिस्ट शब्दावलीमा अतिरञ्जना गर्दै 'साम्राज्यवादको कुकुर' अर्थात् 'रनिङ डग अफ इम्पेरियालिजम' भन्ने गर्थे। हामी उनीहरूको पदावलीको धज्जी उडाउने गर्थ्यौं।

तर, आजका दिनमा मलाई लाग्छ त्यही पदावलीले हाम्रो बारेमा सही वर्णन गर्न सक्छ। हामी खासमा त्यस्तै भएका छौं। हामी अझै पनि शक्तिशाली देखिने एक मात्र ठाउँ हाम्रा विकृत र विषाक्त चलचित्रहरूमा मात्रै हो। जहाँ नक्कली नायकहरू बलियो देखिन्छन्। उनीहरू हुँदै नभएका काल्पनिक युद्धहरू जितिरहन्छन्। त्यस्ता चलचित्रहरूले हामीभित्र हिंसाको अनन्त इच्छालाई प्रोत्साहन गर्छन्। साथै अर्थहीन क्रूरता र मूर्ख पात्रहरू देखाउँछन्।

# सुपरस्टार होइन...

अङ्गहरू यसमा पर्छन्, जुन अङ्गहरूले राज्यको सन्तुलन मिलाउनुपर्ने हो तर तीनै अङ्ग दलीय स्वार्थको इन्जेक्सनमा लट्ठिएका छन्। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको सन्तुलन बिग्रनु भनेको शरीरका महत्त्वपूर्ण अङ्गहरू मिर्गौला, मुटु र फोक्सोले एकअर्कालाई सहयोग गर्न छोड्नु जस्तै हो।

जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ। आज देशको राजनीति ठिक यही अवस्थाबाट गुज्रिरहेको छ।

जसरी शरीरमा लामो समयसम्म सङ्क्रमण रहिरहयो भने त्यसले अङ्गहरूलाई स्थायी रूपमा क्षति पुऱ्याउँछ त्यस्तै नेपालको राजनीतिमा भ्रष्टाचार र अस्थिरता एउटा यस्तै 'क्रोनिक इन्फ्लामेसन' हो। बारम्बार फेरिने सरकार, अप्राकृतिक गठबन्धन र नीतिगत विचलनले देशको अर्थतन्त्र र प्रशासन संयन्त्रलाई 'मल्टी-अर्गन फेलियर' रोगी जस्तै बनाई दिएको छ।

जसरी कमजोर प्रतिरक्षा प्रणाली भएको मानिसलाई सामान्य रुघाखोकीले पनि थला पार्छ, त्यसैगरी कमजोर राजनीतिक चरित्र भएको राष्ट्रलाई सामान्य बाह्य दबाब वा आन्तरिक कलहले पनि अस्थिर बनाइदिन्छ।

नेपाली सन्दर्भमा राजा महेन्द्र, बीपी कोइराला, पुष्पलाल त्यस्ता चिन्तक थिए, जसले भीड र जनताबीचको फरक बुझेका थिए। उनीहरूले कहिल्यै सस्तो लोकप्रियताका लागि सिद्धान्त बेचबिखन गरेनन्। यसपटकको निर्वाचनमा जनताले इतिहासको यस्तो आँखीइयालमा पनि नजर लगाउन सक्नुपर्छ।

यो बिग्रिएको राजनीतिक स्वास्थ्यलाई सुधार्न सतही सुधारले पुग्दैन। यसका लागि अपराधीकरण र भ्रष्टाचारको विषाक्त जालोलाई राजनीतिबाट पूर्ण रूपमा विस्थापित गर्ने, युवा पुस्ता र वैचारिक स्पष्टता भएका व्यक्तिहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउने, शरीरको डीएनएले जस्तै संविधानले निर्दिष्ट गरेको बाटोमा हिँड्ने अनुशासन कायम गर्ने जस्ता गम्भीर शल्यक्रिया र इम्युनोथेरापी यही निर्वाचनमार्फत गर्न आवश्यक छ।

जसरी शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरससँग लड्ने शक्ति दिन्छ ठिक त्यसैगरी, राजनीतिको प्रतिरक्षा प्रणालीले समाजलाई अराजकता, झुट र सस्तो लोकप्रियतावादबाट जोगाउँछ। जब यो प्रणाली कमजोर हुन्छ, तब लोकप्रियतावादको भाइरसले राज्यका अङ्गहरूलाई बिस्तारै गलाउन थाल्छ। हाम्रो देशको राजनीति आज ठिक यही लोकप्रियतावादी घातक इन्फेक्सनबाट ग्रसित भएको आभास हुन्छ।

लोकप्रियतावाद सुन्दा जनताको पक्षमा जस्तो लागे पनि यो वास्तवमा लोकतन्त्रको 'अटो-इम्युन डिजिज' हो। यसले जटिल समस्याहरूको अत्यन्तै सतही र सस्तो समाधान देखाएर निरन्तर ब्ल्याकमेल गरिरहन्छ। लोकप्रियवादी नेताहरूले जनताको आर्थिक अभाव र आक्रोशलाई पुँजीकृत गर्छन्। उनीहरू 'हामी' र 'उनीहरू' बीचको खाडल खनेर समाजलाई ध्रुवीकृत गर्छन्। अहिले 'हामी' र 'उनीहरू' को ठाउँमा 'नयाँ' र 'पुरानो' को वर्गभेद चलिरहेको छ।

जब कुनै नेताले आफूलाई कानुन र पद्धतिभन्दा माथि राखेर 'म तिम्रो मुक्तिदाता हुँ' भन्न थाल्छ, त्यहाँबाट पद्धतिको विनाश सुरु हुन्छ। आज हरेक मतदाताले पद्धतिको विनाशमा को उद्धत छ ? छुट्याउन सक्नु पर्नेछ।

इतिहास साक्षी छ- संसारले त्यतिबेला मात्रै गति लिएको छ, जब नेतृत्वले लोकप्रिय हुने लोभ त्यागेर लोकहितको बाटो रोज्न सक्यो। विश्व चर्चित नेता विन्स्टन चर्चिलले भनेका छन्, 'लोकतान्त्रिक राजनीतिमा नेतृत्वको परीक्षा उसले गर्ने भाषणमा होइन, उसले निर्माण गर्ने पद्धतिमा हुन्छ।' अमेरिका गृहयुद्धले थिलथिलो भएको बेला अब्राहम लिङ्कनले कहिल्यै सस्तो नारा दिएनन्।

नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने सङ्घारमा छ। यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो-इम्युन रोगले राष्ट्रको अस्तित्त्व नै सङ्कटमा पार्न सक्छ। उनले 'विभाजित घर टिक्न सक्दैन' भन्दै राष्ट्रिय एकताका लागि कठोर र अलोकप्रिय निर्णयहरू लिए। २७ वर्षको जेल जीवनपछि निस्किँदा नेल्सन मण्डेलाले प्रतिशोधको राजनीति गर्न सक्थे, जुन तत्कालीन समयमा निकै लोकप्रिय पनि हुन्थ्यो। तर, उनले सत्य र मेलमिलापको बाटो रोजेर दक्षिण अफ्रिकाको राजनीतिक प्रतिरक्षा प्रणालीलाई बलियो बनाए।

नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने सङ्घारमा छ। यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो-इम्युन रोगले राष्ट्रको अस्तित्त्व नै सङ्कटमा पार्न सक्छ। स्वास्थ्य र राजनीति दुवैमा एउटै सत्य लागू हुन्छ- भित्रैबाट बलियो नभएसम्म बाहिरको ओखतीले मात्र जीवन धान्न सकिँदैन।

राजनीतिको बिग्रिएको प्रतिरक्षा प्रणाली सुधार्न एन्टीबायोटिकले मात्र काम गर्दैन, यसका लागि संवैधानिक नैतिकताको पुनर्जागरण आवश्यक छ। हामीलाई यस्तो नेतृत्व चाहिएको छ, जसले आगामी निर्वाचन मात्र होइन, आगामी पुस्ताको भविष्य देख्न सकोस्। लोकप्रियतावादले क्षणिक ताली त दिन्छ, तर इतिहासले उसलाई मात्र सम्झन्छ, जसले कठिन समयमा सही र न्यायपूर्ण बाटो हिँड्ने साहस गर्छ।

देशलाई आज सुपरस्टार नेताको होइन, प्रणाली स्थापित गर्ने दूरद्रष्टाको खाँचो छ। यो पटकको निर्वाचनले दिएको नागरिक दायित्व पनि यही नै हो। -

*-रातोपाटीबाट*

# 'विशेष महाधिवेशन स्वीकार्य छैन'

**काठमाडौं।** नेपाली कांग्रेसका नेता मिन विश्वकर्माले पार्टी विवादका विषयमा अदालतको फैसला निर्णायक हुने बताएका छन्। सोमबार काठमाडौंमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै आफूहरू विशेष महाधिवेशनको विपक्षमा रहेको उनले खुलस्त पारे।

हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाले अनपेक्षित सफलता हात पारेको टिप्पणी गर्दै विश्वकर्माले कांग्रेस, एमाले र नेकपाले सोचेको भन्दा कम ल्याएको समिक्षा गरे। 'भ्रष्टाचार अन्त्य गर्छु' भन्ने रास्वपाको बाचा स्मरण गराउँदै उनले अब भ्रष्टाचार अन्त्य गर्नुपर्ने तर्फ औंल्याए।

अहिले पार्टीको आधिकारिकता कसको भन्नेबारे मतभेद देखिए पनि कांग्रेस नफुटेको जिकिर गरेका विश्वकर्माले उक्त विषय अदालतले टुंगो लगाउने धारणा व्यक्त गरे। विशेष महाधिवेशनप्रति आफूहरूको स्वीकार नरहेको र निर्वाचनका लागि मात्रै सहकार्य गरेको उनको भनाइ थियो। पार्टी विवादका विषयमा अदालतबाट आउने फैसलालाई सम्मान गर्ने समेत उनले बताए।

# कार्की आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर : उनेपा

**काठमाडौं।** उज्यालो नेपाल पार्टीले 'जेन-जी' आन्दोलनसँग सम्बन्धित घटनाक्रमबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न सरकारसँग माग गरेको छ। सो पार्टीका प्रवक्ता डा राजु थापाले मंगलबार एक प्रेस वक्तव्य जारी गर्दै उक्त प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने सहितका पाँच बुँदे माग अघि सारेका हुन्।

उज्याले नेपालले प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भएकाबारे स्पष्ट आधिकारिक जानकारी र समयसीमा सार्वजनिक गर्न माग गरेको हो। प्रतिवेदनका निष्कर्ष र सिफारिसका आधारमा जिम्मेवार पक्षमाथि निष्पक्ष, पारदर्शी र कानुनसम्मत प्रक्रिया तत्काल अघि बढाउन माग गरिएको छ।

पीडित, घाइते, मृतकका परिवार तथा प्रभावित समुदायलाई सत्य, न्याय र परिपूरणको अनुभूति हुनेगरी आवश्यक निर्णय गर्न पार्टीको माग छ। उक्त पार्टीले प्रतिवेदन सार्वजनिक नहुँदा नागरिक तहमा अन्योल, शंका र असन्तोष बढ्दै जाने तथा राज्यप्रतिको विश्वास कमजोर हुने उज्याले नेपाल पार्टीको भनाइ छ।

# राष्ट्रपतिलाई प्रतिवेदन बुझाइएसँगै सरकार गठनको सुरसार

**काठमाडौं ।** निर्वाचन आयोगले बिहीबार फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणामसहितको प्रतिवेदन बुझाउने तयारी गरेको छ । निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्ने भएको हो ।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कूल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ ( १८२ जना) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी भएका छन् ।

यस पटक मतपरिणाम अनुसार रास्वपाले प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७, नेपाली कांग्रेसबाट ३८, नेपाल कम्युनिस्ट पार्टी (एमाले)बाट २५, नेपाली कम्युनिस्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ५ तथा स्वतन्त्र १ सांसद विजयी भएका छन् । नेपालको संविधानको धारा, ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुनेछ' उल्लेख गरिएको छ ।

यसअघि काठमाडौं महानगरपालिका मेयर बालेन्द्र साहलाई रास्वपाले प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा होमिएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । उक्त पार्टीले त्यसका लागि शाहलाई संसदीय दलको नेताका अघि सार्ने तयारीमा लागेको बुझिएको छ । संसदमा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविदको भनाइ छ । प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ ।

'सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसदमा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो' संवैधानिक कानुनका ज्ञाता डा खिमलाल देवकोटाले भने 'त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद विस्तार गर्नुहुन्छ ।'

नेपालको संविधान जारी भएपछि पहिलो पटक धारा ७६ को उपधारा ( १) अन्तर्गत एकल बमुहमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुने भएको छ । 'एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ ( २) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो' डा देवकोटाको भनाइ थियो 'अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।' संघीय संसद सचिवालयले आगामी बिहीबार नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । सचिवालयले ६ वटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दै सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी गरेको छ ।

निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ। आयोगले बिहीबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ। डा. देवकोटाले निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको बताए। संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संघीय संसदको अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ। 'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसदको अधिवेशन आह्वान गर्नेछ' उपधारा (१) मा उल्लेख गरिएको छ 'त्यसपछि यस संविधान बमोजिम राष्ट्रपतिले समयसमयमा दुवै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ ।'

# हिउँदे वर्षाले किसानमा उत्साह

**काठमाडौं ।** लामो खडेरीपछि भएको वर्षाले देशभरका विभिन्न जिल्लाका किसानलाई उत्साह र खुसी बनाएको छ। विशेषगरी गहुँ, मकै, आलु तथा विभिन्न तरकारी खेती गर्दै आएका किसानलाई हिउँदे वर्षाले खुसी बनाएको हो ।

हिउँदे बाली सुक्दै गएको अवस्थामा बर्सात भएपछि भोजपुरका किसानमा नयाँ आशा पलाएको छ । टेम्केमैयुङ-५ का स्थानीय किसान अडिबहादुर विष्टले लामो समयको खडेरीका कारण हिउँदे बाली सुक्ने अवसमा पुगेको अवस्थामा परेको पानीले आफूहरूलाई निकै खुसी बताएको बताए । 'अब बाली सप्रिन्छ भन्ने आशा बढेको छ' उनले खुसी व्यक्त गर्दै भने । चिस्यान अभावका कारण खेतबारीमा ओइलिन थालेका बालीनाली पानी पर्ना साथ हरियो देखिन थालेपछि उत्पादनमा वृद्धि हुने अपेक्षाले किसानलाई उत्साहित बनाएको छ । सिँचाइ सुविधा नपुगेका क्षेत्रका किसानका लागि यो वर्षाले राहत मिलेको छ । मकै छर्ने 'सिजन'मा पानी परेपछि पहाडी जिल्लाका किसानहरूलाई खेती लगाउन सहज भएको हो ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार अहिले देशमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको आंशिक प्रभावका कारण कोशी, मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र तराईमा आंशिक बादल लाग्नुका साथै बाँकी भागमा मौसम सफा रहेको छ। बिहीबार दिउँसो लुम्बिनी, कर्णाली र सुदूरपश्चिम, गण्डकी, बागमती र कोशी प्रदेशका पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भागमा आंशिक बादल लाग्ने महाशाखाले जनाएको छ । कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भागका केही स्थान, लुम्बिनी र गण्डकी प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थान तथा बागमती र कोशी प्रदेशका पहाडी र हिमाली भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना छ ।

यस्तै, बिहीबार राति लुम्बिनी, कर्णाली र सुदूरपश्चिम, गण्डकी, बागमती र कोशी प्रदेशका पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी तराई भू-भागमा आंशिक बादल रहनेछ । कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान, लुम्बिनी र गण्डकी प्रदेशका पहाडी र हिमाली भू-भागका केही तथा बागमती र कोशी प्रदेशका हिमाली भू-भागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना छ ।

यसअघि आइतबार राति बाजुरा जिल्लास्थित वर्षासँगै हिमपात भएपछि किसानहरू खुसी भएका छन् । वर्षासँगै हिमपात भएपछि खेतीबाली सप्रने भन्दै बाजुरेली किसान उत्साहित बनेका छन् । जिल्लास्थित बडीमालिका, बूढीगंगा त्रिवेणी, बूढीनन्दा नगरपालिका, हिमाली, खप्तड छेडेदह, गौमुल, स्वामीकार्तिक, जगन्नाथ गाउँपालिकाका लेकाली क्षेत्र र गाउँहरूमा हिमपात भएको छ ।

हिमपातका कारण हिमालीको विच्छ्या, रुगिन, बाँधु, गौमुलको अम्लिस, दहकोट, बूढीनन्दाको कुरु, पाण्डुसैन, खप्तड छेडेदह लगायतका स्थानीय बढी प्रभावित बनेका छन् । बाजुरास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख जसीराम सहानीले वर्षासँगै हिमापातले हिउँले बालीलाई राम्रो हुने जानकारी दिए ।

# वर्षा र हुरीले गहुँबाली, केराखेती र फलफूलमा क्षति

**काठमाडौं ।** वर्षा र हावाहुरीका कारण मुलुकभरका विभिन्न जिल्लामा दाना लाग्ने बेलाको गहुँबाली, केराखेती र कतै फलफूल खेतमा क्षति पुऱ्याएको छ । लामो खडेरीपछि पछिल्लो केही दिनदेखि पश्चिम नवलपरासीमा हावाहुरी सहित परेको वर्षाले गहुँबालीमा, झापामा लगाइएको केराखेतीमा हुरीबतासले र पोखरामा लगाएको फलफूल खेतीमा असिनाले क्षति पुऱ्याएपछि किसानलाई चिन्तित बनाएको हो ।

पश्चिम नवलपरासीमा सोमबार भएको वर्षा र हावाहुरीबाट नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा लगाइएको गहुँबाली नष्ट भएको स्थानीयले जानकारी दिए । कात्तिकको दोस्रो साता लगाएर दाना लाग्ने बेला भएको गहुँबालीमा वर्षा र हावाहुरीले ढालेर सोतर बनाएको छ । वर्षा र हावाहुरीका कारण पाल्हीनन्दन-४ का स्थानीय प्रमोद पटेलले आफूले दुई बिघा जग्गामा लगाएको गहुँबाली नष्ट भएको बताए । पटेलको मात्र होइन अन्य स्थानीयको पनि गहुँबाली नष्ट भएको छ । हावाहुरीबाट स्थानीयले लगाएको गुहँबाली जमिनमा ढलेर सोतर बनेको छ । गहुँबालीमा क्षति पुगे पनि यस वर्षाले तरकारी, मकै, उखु, आँप, लिच्चीजस्ता फललाई फाइदा तथा वायुप्रदूषण सफा गरेको स्थानीय पटेलले बताए । किसान पटेलले वर्षापछि स्थानीय तह गाउँपालिकाका कृषि शाखाका कर्मचारी गहुँबाली अनुगमन गर्न नआएको पटेलको गुनासो थियोप । जमिनमा ढलेका गहुँमा दाना नलाग्ने किसानको चिन्ता छ ।

रामग्राम नगरपालिका-४ निवासी अर्जुन क्षेत्रीले ढलेका गुहुँमा दाना नलाग्ने भएकाले आफूसहित किसानले ठूलो क्षति ब्यहोर्नुपर्ने बताए । उनले किसानलाई सरकारले क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग गरे । किसानले गहुँबाली क्षतिबारे अध्ययन गर्न फिल्डमा नआएको गुनासो पोखे पनि सरावल गाउँपालिकाका कृषि विकास शाखाका कविता कार्कीले गहुँबालीमा क्षति भएको भन्नेबारे अहिलेसम्म लिखित तथा मौखिम रूपमा गुनासो नआएको बताइन् । किसानले यस वर्ष जिल्लाभर दस हजार पाँच सय हेक्टर क्षेत्रफलमा गहुँखेती लगाएको पश्चिम नवलपरासी कृषि ज्ञान केन्द्रका योजना एवं बागबानी विकास अधिकृत नवराज घिमिरेले बताए । उनले गत हप्ताको वर्षा र हावाहुरीले धेरै ठाउँमा गहुँबाली ढालेकाले उत्पादनमा कमि आउने बताए । कृषि ज्ञान केन्द्र नवलपरासीका सूचना अधिकारी एवं वरिष्ठ कृषि विस्तार अधिकारी चन्द्रप्रकाश गुप्ताले वर्षाबाट गहुँबालीमा क्षति भएको भनेर अहिलेसम्म किसानले निवेदन नदिएको बताए । उनले निवदेन परेको अवस्थामा केन्द्रले खेतबारीमा गएर अध्ययन गर्ने पनि बताए ।

यस्तै केही दिनअघि आएको हुरीका कारण झापा गाउँपालिका-७ का किसानले लगाएको केराखेतीमा क्षति पुगेको छ । कृषि ज्ञान केन्द्र झापाकी सहायक बाली संरक्षण अधिकृत अञ्जु आचार्यले आफूले दुई बिघा दुई कट्ठा जमिनमा लगाएको केराखेती हुरीले पूर्ण रूपमा नष्ट गराएको बताइन् । आचार्यले केराघरी लागेका र पाक्न लागेको केरा सबै नष्ट हुँदा किसानको ठूलो आर्थिक क्षति भएको सुनाइन् । हुरीले केराखेतीमा नोक्सान पुऱ्याएपछि प्राकृतिक विपत्तिले आफूहरूलाई पटक-पटक आर्थिक मारमा पार्ने गरेको स्थानीय किसानहरूले गुनासो पोखे । यसअघि गत असोज १८ र १९ गतेको अविरल वर्षा र बाढीले करोडौं बराबरको केराखेती नष्ट भएपछि बल्लतल्ल नयाँ बिरुवा हुर्काउँदै घरी लागेका र पाक्न लागेका केराखेती हुरीले सखाप पारिदिँदा किसानलाई निरास पारेको छ ।

उता, पोखराकाा विभिन्न भू-भागमा लगाइएको तरकारी तथा फलफूल खेतीमा असिनाले क्षति पुऱ्याएको छ । असिनाका कारण पोखरा महानगरपालिका-१३, १४, २६, ३० लगायतका वडामा तरकारी तथा फलफूल खेतीमा क्षति पुऱ्याएको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । सुन्तला, आँप, लिची जस्ता फलफूलमा फूल फुल्न लागेका अवस्थामा आएको असिनाले क्षति पुऱ्याएको हो । असिनाले लसुन, प्याज, तरबुजा आदि खेतीमा समेत असर परेको उनले बताए । वर्सेनि क्षति पुग्ने गरेकाले असिना छेक्ने जाली उपलब्ध गराउनुपर्ने किसानको माग छ । पछिल्ला वर्षमा असिना छेक्ने जालीको प्रयोगलाई बढाउँदै लगिएको शाखा प्रमुख कडरियाले बताए । उनले महानगरपालिकाले करिब पाँच सय थान जाली ५० प्रतिशत अनुदानमा किसानलाई उपलब्ध गराइसकेको बताए । असिना, हावाहुरीलगायत प्रकृतिजन्य प्रकोपका कारण बर्सेनि किसान समस्यामा पर्ने गरेका अगुवा किसान रमेश अचार्यले बताए ।

सिन्धुली जिल्लास्थित दुधौली नगरपालिका-१ बङ्कामा हुरीले व्यावसायिक केराखेतीमा क्षति पुऱ्याएको छ । सोमबार वर्षासँगै आएको हुरीले केराखेतीमा क्षति पुगेको हो । स्थानीय किसानले सात बिघा क्षेत्रफलमा लगाएकोमध्ये तीन बिघा केराखेती क्षति पुऱ्याएको स्थानीय किसान रामकुमार घिमिरेले जानकारी दिए । बाँकी चार बिघा केराखेतीमा समेत आंशिक क्षति पुगेको छ । स्थानीय किसान जयप्रसाद पडाडी, युवराज पहाडी र रामकुमार घिमिरेले संयुक्त रूपमा चार वर्षअघि भित्रीमधेस बहुद्देश्यीय कृषि फार्ममार्फत व्यावसायिक केराखेती सुरु गरेका थिए । तीन दिनअघिको हुरीले उक्त खेतीमा १३ लाख बराबरको क्षति भएको अनुमान गरिएको छ । कृषि विकास कार्यालय, सिन्धुलीका अनुसार जिल्लामा ३६४ हेक्टरमा व्यावसायिक केराखेती हुँदै आएको छ । व्यावसायिक केराखेती भएको अधिकांश क्षेत्रमा आंशिक क्षति पुगेको किसानले बताए ।




# खामेनीको हत्यापछि पनि यसर्थ ढलेन इरानी शासन...

इरानका सर्वोच्च नेता अली खामेनीको हत्या हुनुको अर्थ इरानी शासन तत्कालै ढल्छ भन्ने होइन । यो एक हतारको बुझाइ हो, जसले गम्भीर विश्लेषण भन्दा पनि बढी 'कोरा कल्पना' लाई प्रतिबिम्बित गर्दछ । हो, हामीले एउटा ठूलो भूकम्पीय धक्का महसुस गरिरहेका छौं, जुन सन् १९७९ मा इस्लामिक गणतन्त्र स्थापना भएपछिकै सबैभन्दा खतरनाक प्रहार हो । तर, महत्वपूर्ण राजनीतिक प्रश्न यो होइन कि प्रहार कति नराम्रो थियो?, बरु प्रश्न यो हो कि के यो प्रणाली यति ठूलो धक्का सहन सक्ने गरी डिजाइन गरिएको थियो ?

अहिलेसम्मका प्रमाणहरूले के देखाउँछन् भने, इरानी प्रणाली सुरुदेखि नै कुनै एक व्यक्तिको छायाँ मात्र नहुने गरी बनाइएको थियो, चाहे त्यो व्यक्तिको स्थान जतिसुकै माथि किन नहोस् । इरानको इस्लामिक गणतन्त्र हामीले देख्दै आएका अरब मुलुकका निरंकुश शासकहरूजस्तो छैन, जहाँ प्रमुखको मृत्यु हुनासाथ सारा संरचना तासको महल झैं ढल्छ । यो एउटा जटिल वैचारिक र सुरक्षा संयन्त्र हो, जसको शिरमा धार्मिक नेता भए पनि त्यसको मुनि संवैधानिक, सुरक्षा, प्रशासनिक र आर्थिक संस्थाहरूको एउटा बलियो सञ्जाल छ । यी सबै संस्थाहरू व्यक्तिको सेवा गर्नका लागि होइन, बरु सत्ताको अस्तित्व जोगाउनका लागि काम गर्छन् ।

त्यसैले, सर्वोच्च नेताको हत्याले राज्यलाई स्वतः समाप्त पार्दैन । यसले संकटलाई नेताको जीवन रक्षाबाट आन्तरिक एकतातर्फ मोडिदिन्छ। यही एकता कायम राख्ने संघर्ष नै अहिलेको वास्तविक चुनौती हो । इरानी संविधान नै शक्ति शून्यताको खतरालाई ध्यानमा राखेर मस्यौदा गरिएको थियो। संविधानको धारा १११ अनुसार, सर्वोच्च नेताको पद रिक्त भएमा नयाँ नेता चयन नभएसम्म एक अस्थायी काउन्सिलले नेतृत्व सम्हाल्ने व्यवस्था छ ।

खमेनीको हत्याको घोषणापछि राष्ट्रपति मसुद पेजेस्कियान, न्यायपालिका प्रमुख गुलाम-हुसेन मोहसेनी-इजेई र गार्डियन काउन्सिलका सदस्य अलिरेजा आराफी सम्मिलित तीन सदस्यीय काउन्सिललाई शक्ति हस्तान्तरण गरियो । ८८ सदस्यीय एसेम्बली अफ एक्सपर्ट्सले नयाँ नेता छान्ने जिम्मेवारी पायो। यसलाई हामी शासन टिकाउने एउटा सर्भाइभल प्रोटोकल भन्न सक्छौं । तर, केवल संवैधानिक प्रक्रियालाई मात्र हेर्नु गल्ती हुनसक्छ । संविधानभन्दा शक्तिको सन्तुलन बढी महत्वपूर्ण हुन्छ । यहाँ इरानी शासनका शक्तिका तीन तहहरू बुझ्नुपर्छ :

१. धार्मिक वैधानिकताः सर्वोच्च नेताको कार्यालय, एसेम्बली अफ एक्सपर्ट्स र गार्डियन काउन्सिल। यसले शासनलाई सैद्धान्तिक आधार दिन्छ ।
२. सुरक्षा र सैन्य क्षेत्रः यसको मेरुदण्ड इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) हो । यो केवल एउटा सैन्य संस्था मात्र होइन, बरु सत्ताको असली रक्षक हो ।
३. राजनीतिक कर्मचारीतन्त्रः सरकार, राष्ट्रपति, न्यायपालिका र आर्थिक संयन्त्र जसले राज्यको दैनिक कार्य सञ्चालन गर्छन् ।

यी सबैमध्ये आईआरजीसी सबैभन्दा निर्णायक छ । खमेनीको मृत्युपछि मुख्य प्रश्न 'संवैधानिक संयन्त्र छ कि छैन ?' भन्ने होइन, बरु 'के आईआरजीसी एकताबद्ध रहन्छ ?' भन्ने हो । यो संस्था राष्ट्रपतिको मातहतमा छैन, यो क्रान्तिको संरक्षक हो जसको आन्तरिक सुरक्षा, क्षेत्रीय निर्णय र आर्थिक नेटवर्कमा एकलौटी पकड छ । युद्ध र वरिष्ठ कमाण्डरहरूको हत्याका कारण आईआरजीसी ले निर्णय प्रक्रियामा आफ्नो पकड झन् बलियो बनाएको छ र यसले विकेन्द्रीकृत प्रणाली अपनाएको छ, जसले गर्दा माथिल्लो नेतृत्व मारिँदा पनि तल्लो तहले काम जारी राख्न सक्छ ।

यसको अर्थ हो, प्रहार टाउकोमा भएको छ, तर यसले हातखुट्टा (अंगहरू) लाई पक्षघात गरेको छैन । अहिलेको संकेत अनुसार, युद्धकै कारण मात्र इरानी शासन ढल्ने देखिँदैन । कतिपय अवस्थामा वैचारिक शासनहरू बाह्य अस्तित्वको खतरा हुँदा झन् कठोर र एकताबद्ध हुने गर्छन् । इरानी विपक्षीहरूले पनि स्वीकार गरेका छन् कि केवल बाह्य बमबारीले शासन ढल्दैन; यसका लागि आन्तरिक जनविद्रोहको आवश्यकता पर्छ । तर, शासन तत्कालै नढल्नुको अर्थ इरान सुरक्षित छ भन्ने होइन। शासन त टिकिरहला, तर यो युद्धबाट इरान थकित, सशंकित र झन् बढी संकुचित भएर निस्कनेछ, विशेष गरी खमेनीका छोरा मोज्तबा खमेनीको चयनपछि । अब शासन झन् कठोर र कम आत्मविश्वासी हुने सम्भावना छ ।

जब कुनै शासन यति ठूलो क्षति र नेतृत्वमाथिको खतरा सहेर निस्कन्छ, उसले सुरक्षाको विकल्प मात्र रोज्छ । यसले आफ्ना विरोधीहरू र असन्तुष्टहरूलाई सुरक्षा खतराको रूपमा हेर्न थाल्छ। यो प्रवृत्ति देखिन थालिसकेको छ । आईआरजीसीका कट्टरपन्थीहरू र राष्ट्रपति पेजेस्कियानको तुलनात्मक रूपमा नरम धारबिच आन्तरिक फाटो देखा पर्न थालेको छ ।

इरानी शासन अहिले नै ढल्ने दिशामा छैन, तर यो युद्धबाट पहिले जस्तै सग्लो भएर निस्कने क्षमता पनि उसमा देखिँदैन। शासन त टिक्ला, तर त्यसको मूल्य भारी हुनेछः आईआरजीसी माथिको अत्यधिक निर्भरता, राजनीतिको साँघुरो घेरा र आन्तरिक सुरक्षामा चरम कडाइ । स्पष्ट रूपमा भन्नुपर्दा, यो युद्धले शासन त अन्त्य नगर्ला, तर यसले शासनमा रहेको बाँकी लचिलोपन समाप्त पारिदिनेछ। जब कुनै व्यवस्थाले आफ्नो लचिलोपन गुमाउँछ, उसले बल प्रयोग गरेर आफ्नो आयु त लम्ब्याउन सक्छ, तर भित्रभित्रै खोक्रो हुँदै जान्छ ।

यही नै वर्तमान इरानी विरोधाभास होः शासन ढलेको छैन, तर यो 'व्यग्र कठोरता' को नयाँ चरणमा प्रवेश गरेको छ, जसले आज यसलाई जोगाए पनि भोलि कमजोर बनाउनेछ ।

लेखक अब्दुल्लाह फहाद अल-नफिसी कुवेती प्राज्ञ तथा कुवेतको संसदका पूर्व सदस्य हुन्; स्रोतः एजेन्सी ।

# जनताको विश्वास कायम राख्न अर्यालको आग्रह

**ललितपुर ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डोलप्रसाद अर्यालले जनताको आशा र विश्वासलाई कायम राख्दै आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गरेका छन् । उक्त पार्टीले ललितपुरमा आयोजना गरेको नवनिर्वाचित सांसदहरूलाई अभिमुखीकरण तथा परिचयात्मक उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपसभापति अर्यालले देश र जनताको पक्षमा काम गर्न आवश्यक रहेको बताएका हुन् ।

'नागरिकलाई महसुस हुने गरी काम गर्ने सरकार गठन गरेर भ्रष्टाचारको अन्त्य र सुशासन कायम गरेर देखाउनुपर्ने आवश्यकता छ, लामो समयदेखि देशको बागडोर सम्हालेका राजनीतिक दलले गरेको गलत क्रियाकलापले अहिलेको परिणाम आएको हो' उनको भनाइ थियो 'यसले हाम्रो पार्टी र जननिर्वाचित प्रतिनिधिलाई जिम्मेवार र जवाफदेही बनाएको छ ।'

पार्टीका अर्का उपसभापति स्वर्णिम वाग्लेले ४८ प्रतिशत मतका साथ प्राप्त गरेको झन्डै दुई तिहाइ बहुमतको विश्वासलाई जोगाएर जनताको भरोसालाई कायम राख्नु पर्नेमा जोड दिँदै भने 'वाचापत्रको मुख्य नारा थिति बसाल्ने छ, यसलाई काम गरेरै देखाउनुपर्ने छ, जनताले गर्न सक्नेगरी जिम्मेवारी दिएका छन्, हामीले इमानदारीपूर्वक काम गरेर देखाउनुपर्छ ।'

# पूर्वप्रधानमन्त्री ओलीलाई पितृशोक

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीका पिता मोहनप्रसाद ओलीको ९७ वर्षको उमेरमा गत शुक्रबार निधन भएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले ओलीको गुण्डुस्थित निवासमा पुगेर अध्यक्ष ओलीसहित उनका परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेकी हुन् । यस्तै राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले नेकपा एमालेका अध्यक्ष ओलीलगायत उनका परिवारजनमा हार्दिक समवेदना व्यक्त गरेका छन् । अध्यक्ष दाहालले पूर्वप्रधानमन्त्री ओलीको गुण्डुस्थित निवास पुगेर उनीप्रति समवेदना व्यक्त गरे ।

यसैगरी, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेटेर उनका पिता मोहनप्रसाद ओलीको निधनप्रति समवेदना व्यक्त गरेकी छन् । पूर्वराष्ट्रपति भण्डारीले भक्तपुरको गुण्डुस्थित अध्यक्ष ओली निवास पुगेर दिवंगत पिता ओलीप्रति श्रद्धाञ्जली दिँदै परिवारमा समवेदना व्यक्त गरिन् । अध्यक्ष ओलीका पिता मोहनप्रसादको फागुन २९ गते ९७ वर्षको उमेरमा निधन भएको थियो ।

# आगोको जथाभावी प्रयोगले डढेलोको उच्च जोखिम

**काठमाडौं ।** जथाभावी आगोको प्रयोगले सुक्खायामसँगै म्याग्दीका वनजंगलमा डढेलोको जोखिम बढेको छ । मानवीय लापरवाहीका कारण जथाभावी हुने आगलागीका घटनाले वनजंगलसँगै, वन्यजन्तु, जडीबुटी र पर्यावरणमा विनाश निम्त्याउने गरेको हो ।

डिभिजन वन कार्यालयका प्रमुख डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले ९६ प्रतिशत ढडेलोको कारण मानवीय लापरवाही भएको पाइएको जानकारी दिए । 'घाँस पलाउने बाहना, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजंगलमा डढेलोको जोखिम बढेको हो' भन्दै उनले खोरीया फडानी गरी खेती गर्न, हिंस्रक वन्यजन्तु धपाउन, वन्यजन्तुको सिकार, वन अपराध लुकाउन, वन कर्मचारी वा छिमेकी वन उपभोक्ता समूहसँगको रिसइवीका कारण डढेलो लगाउने गरेको पाइएको बताए । विशेषगरी फागुन, चैत, वैशाख र जेठ महिनामा लाग्ने डढेलोका कारण रुख बिरुवा, जडीबुटी, वन्यजन्तु र पन्छीको वासस्थान नष्ट हुने गरेको छ । डढेलो निभाउने क्रममा मानवीय क्षति समेत हुँदै आएको छ । म्याग्दी डढेलोको जोखिमका हिसाबले नेपालका ७७ जिल्लामध्ये ३०औं स्थानमा रहेको छ ।

राम्रो घाँस पलाउँछ भनेर गोठालाले जंगल र भिरमा आगो लगाउने, सिकारीले वन्यजन्तु र पन्छीलाई भगाउन डढेलो लगाउने चलन छ । जिल्लामा २ लाख २९ हजार ७०६ हेक्टर क्षेत्रफल फैलिएको वनक्षेत्रमध्ये ३६.७६ प्रतिशत वन, १.८५ प्रतिशत झाडी र २१.२७ प्रतिशत चरन क्षेत्र तथा ३ सय ११ वटा सामुदायिक वन उपभोक्ता समूह रहेका छन् ।

# जनताले दिएको मतपरिणामलाई सम्मान गर्छौं : एमाले

**ललितपुर ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमार्फत जनताले दिएको मतलाई सम्मान गर्ने बताएको छ । एमालेका महासचिव शंकर पोखरेलले जनताले दिएको मत परिणामलाई आफ्नो पार्टीले सम्मान गर्ने बताएका हुन् ।

केन्द्रीय कार्यालय ललितपुरको च्यासलमा आयोजित प्रदेश तथा जिल्ला अध्यक्षसँग 'भर्चुअल' बैठकलाई सम्बोधन गर्दै पोखरेलले आममतदाताले एमालेसँग सम्बन्धविच्छेदन नगरेको टिप्पणी गरे । अध्यक्ष केपी शर्मा ओली, एमालेविरुद्ध नयाँ र पुरानो अनुहार भन्ने नारामा आधारित प्रचार गरेर जनतालाई भ्रमित पारिएको उनको धारणा थियो ।

छिटो लोकप्रियता कमाउने र तत्काल परिणाम दिने वाचा गर्दै अघि बढेकाहरूले व्यवहारमा परिणाम दिन नसक्ने अवस्था आउनसक्ने उनको विश्लेषण छ ।

# भेरीमा बेपत्ता आमाको शव फेला : छोराछोरीको खोजी जारी

**काठमाडौं ।** छोराछोरीसहित भेरी नदीमा बेपत्ता बनेकी सुर्खेतस्थित गुर्भाकोट नगरपालिका-१२ पिप्लेकी एक महिलाको शव फेला परेको प्रहरीले जानकारी दिएको छ । आइतबार बिहानदेखि भेरी नदीमा ११ वर्षीया छोरी आशा र ५ वर्षीय छोरा दीपकसहित सम्पर्कविहीन भएकी पिप्लेकी मायाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता मोहनजंग बुढाथापाले जानकारी दिएका हुन् ।

बेपत्ता भएको स्थानदेखि सात किलोमिटर दक्षिणतर्फ लेकबेँसी नगरपालिका-३ पटारेस्थित भेरी नदीको किनारमा शव भेटिएको प्रवक्ता बुढाथापाले जानकारी दिए । प्रहरी र स्थानीयले खोजी गर्दा मायाको शव भेरी नदीमा भेटिए पनि उनका छोराछोरीको खोजी कार्य भइरहेको प्रहरीले बताएको छ ।

बालबच्चासहित श्रीमति सम्पर्कविहीन भएको भन्दै मायाका श्रीमान भूपेन्द्र कठायतले प्रहरी चौकी गुमीमा खबर गरेपछि खोजी सुरु भएको थियो ।

# श्रीमतीको खुट्टा काटेर श्रीमान फरार

**काठमाडौं ।** पर्सा जिल्लाको पर्सागढी नगरपालिकाका एक पुरुषले धारिलो हतियार प्रयोग गरी आफ्नै श्रीमतिको खुट्टा काटेर फरार बनेका छन् । पर्सागढी-३ बिरुवा टोलका ३० वर्षे विशनाथ सहनीले गत आइतबार आफ्नै श्रीमति हरिकलादेवी सहनीमाथि धारिलो हतियार (दाउ) प्रहार गरी बायाँ खुट्टाको पैतालाभन्दा माथिको भाग छिन्ने गरी काटेर गम्भीर घाइते बनाएर फरार बनेका हुन् ।

उक्त घटना भएको चार दिन बितिसक्दा समेत आरोपित सहनीलाई प्रहरीले फेला पार्न सकेको छैन । पर्सा क्षेत्र नं २ प्रतिनिधिसभा सदस्यबाट निर्वाचित सांसद सुशीलकुमार कानुले गम्भीर घाइते भएकी हरिकलादेवी सहनीको उपचारको सम्पूर्ण खर्च व्यहोर्ने प्रतिबद्धता जनाएका छन् । 'गम्भीर घाइते हरिकलाको आर्थिक अवस्था पनि कमजोर भएकाले उपचार र कुरुवाका लागि लाग्ने खर्चको समेत प्रबन्ध गर्नेछौं' उनले भने 'पीडित परिवारले उपचार खर्च र दोषीमाथि कारबाहीको माग गरेकाले पनि यहाँको स्थानीय प्रहरी प्रशासनलाई पनि दोषीमाथि कारबाही प्रक्रिया अघि बढाउनको लागि अनुरोध गर्दछु ।'

पर्साका प्रहरी प्रमुख सुदिपराज पाठकले अभियुक्त सहनीको खोजी तीव्र पारिएको जानकारी दिँदै भने 'अभियुक्त जंगलतर्फ फरार भएको सूचनाको आधारमा खोजी तीव्र पारिरहेका छौं ।' घाइते महिलाको बारास्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको पनि प्रहरी प्रमुख पाठकले बताए ।

# प्रधानसेनापतिसाग अमेरिकी सेनाका प्यासिफिक कमाण्ड उपप्रमुखको भेट

**काठमाडौं ।** प्रधान सेनापति अशोकराज सिग्देलसँग अमेरिकी सेनाको प्यासिफिक कमाण्डका उपप्रमुख लेफ्टिनेन्ट जनरल जोएल भोवेलले भेटवार्ता गरेका छन् । सैनिक मुख्यालय जंगीअड्डामा भएको भेटवार्तामा उनीहरूबीच द्विपक्षीय हितका विषयमा  विचारविमर्श भएको दावी गरिएको छ ।

पूर्वनिर्धारित कार्यक्रम बमोजिम नियमित भ्रमणका सिलसिलामा भोवेल नेतृत्वको टोली भारत, भुटान हुँदै आइतबार नेपाल आएको हो । उक्त टोलीले काभ्रेको पाँचखालस्थित नेपाली सेनाको वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको भ्रमण गर्नेछ । सो टोली भोलि मंगलबार थाइल्याण्डतर्फ जाने समेत उल्लेख गरिएको छ ।

# अध्यक्ष दाहालसँग नवनियुक्त चिनियाँ राजदूत माओमिङको शिष्टाचार भेट

**काठमाडौं ।** राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत चाङ माओमिङले शिष्टाचार भेट गरेका छन् । सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षम भएको सो भेटमा दुई देशबीचको सम्बन्ध, संसदीय सहकार्य, आपसी सहयोग र समसामयिक विषयमा छलफल भएको उल्लेख गरिएको छ ।

भेटका क्रममा अध्यक्ष दाहालले नेपाल र चीनबीचको सम्बन्ध वर्षौं पुरानो भएको चर्चा गर्दै दुई देशबीचको सम्बन्ध कूटनीतिक तहमा मात्रै नभई जनस्तरमा समेत बलियो र प्रगाढ रहेको बताए । गत फागुन २१ गते नेपालमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भई नयाँ सरकार गठनको प्रक्रियामा रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले 'जेन-जी' आन्दोलनपछि उत्पन्न कठिन परिस्थिति र चुनावको समयमा चीन सरकारले गरेको सहयोगप्रति प्रशांसा व्यक्त अध्यक्ष दाहालको सचिवालयले जनाएको छ ।

भेटका अवसरमा राजदूत माओमिङले चीन-नेपाल देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै पारस्पारिक लाभमा आधारित मैत्री सम्बन्ध कायम रहेको बताएका थिए । उनले दुवै देशका राष्ट्रपतिकै तहबाट भ्रमण आदान-प्रदान भएपछि दुई देशबीचको सहकार्य र सहयोगमा उल्लेख्य वृद्धि भएको र सम्बन्ध नयाँ उँचाईमा उठेको बताए ।

# राष्ट्रपति पौडेलले गरे घोडेजात्रा अवलोकन

**काठमाडौं ।** राष्ट्रपति रामचन्द्र पौडेलले घोडेजात्राका अवसरमा नेपाली सेनाद्वारा बुधबार सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहको अवलोकन गरेका छन् । घोडेजात्राका अवसरमा नेपाली सेनाको टुकडीले राष्ट्रपतिको सम्मानमा सलामी अर्पण गरेको थियो ।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगण, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिलगायत उच्च पदस्थ अधिकारी सहभागी रहेका थिए । त्यस क्रममा राष्ट्रपति पौडेलले नेपाली सेनाद्वारा प्रदर्शन गरिएको अश्वकलाको अवलोकन गरेका थिए । समारोहमा घोडा दौड, घोडा जम्प, चार्जर घोडा दौड, घोडाको ऐतिहासिक प्रयोग, घोडचढीबाट हमला, फायर जम्पलगायत विभिन्न रोचक कला प्रदर्शन सहित कार्यक्रममा सामान ओसारपसार, यात्राको साधन, कृषि, शिकार, लडाइँ, उत्सव, खेलका झलक समेत देखाइएका थिए ।

समारोहमा कुकुरबाट समेत विभिन्न कला प्रदर्शन गराइएको र उत्कृष्ट हुनेलाई राष्ट्रपति पौडेलले पुरस्कार प्रदान गरिएको थियो । प्रत्येक वर्ष चैत्र कृष्ण औँसी तिथिमा काठमाडौं उपत्यकामा परम्परागत घोडेजात्रा पर्व विविध कार्यक्रमसहित मनाउने गरिँदै आएको छ । किंवदन्तीअनुसार टुँडिखेलको पूर्व-दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेकाले पीडित स्थानीयवासीले विभिन्न उपायले त्यसलाई संहार गरे पनि उसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय तिनमा रहिरह्यो । यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औँसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो ।

सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी आजै राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ । सोही दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा रहेको जनाइएको छ ।

# सीको पुस्तक जलाउनेलाई कारबाही गर्न निर्देशन

**काठमाडौं ।** गृह मन्त्रालयले नेपाल-चीन सम्बन्धलाई असर पुऱ्याउने किसिमको घटनामा छानबिन गरी दोषीउपर कारबाही गर्न प्रहरीलाई निर्देशन दिएको छ । परराष्ट्र मन्त्रालयको पत्रानुसार विस्तृत व्होरा संलग्न पत्रबाट अवगत भएको सम्बन्धमा घटनाको सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाहीका लागि पठाइएको मन्त्रालयले उल्लेख गरेको हो ।

मोरङको मनमोहन टेक्निकल इन्स्टिच्युटमा चिनियाँ राष्ट्रपति सी जिनपिङको 'द गभर्नेन्स अफ चाइना' भन्ने किताब जलाएको विषयमा चीनले परराष्ट्र मन्त्रालयमार्फत ध्यानाकर्षण गराएको थियो । उक्त घटनाको छानबिन तथा कारबाही गर्न काठमाडौंस्थित जनवादी गणतन्त्र चीनको दूतावासबाट प्राप्त कूटनीतिक पत्रसहित परराष्ट्र मन्त्रालयले गृह मन्त्रालयलाई पत्राचार गरेको थियो ।

उक्त पत्रउपर गृह मन्त्रालयले आवश्यक कारबाहीका लागि प्रहरीलाई पत्राचार गर्दै सो घटनाका सम्बन्धमा अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन मोरङको जिल्ला प्रशासन र प्रहरीलाई गृहमन्त्रालयले निर्देशन दिएको छ ।

# भारतीय नम्बरप्लेटको कार १०९ किलो गाँजासहित नियन्त्रणमा

**काठमाडौं ।** नेपाल प्रहरीले महोत्तरीको रामगोपालपुर नगरपालिका-८ बाट १०९ किलोग्राम गाँजासहित एक भारतीय नम्बर प्लेटको कारलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख एवं प्रहरी उपरीक्षक हेरम्ब शर्माले सहसौला चोक नजिकबाटे २० वटा पोकामा लुकाएर भारततर्फ लैजाँदै गरेको अवस्थामा डिएल १ सिओ ५८६९ नम्बरको भारतीय कार नियन्त्रणमा लिइएको जानकारी दिए ।

पूर्वपश्चिम लोकमार्ग हुँदै भारततर्फ गाँजा लैजाँदै गरेको गोप्य सूचनाको आधारमा लागु औषध ब्युरो र इलाका प्रहरी कार्यालय रामगोपालपुरबाट खटिएको प्रहरी टोलीले गाँजासहित कार नियन्त्रणमा लिएको हो । चालक फरार रहेको उक्त कारमा उक्त परिणामको गाँजा बरामद गरिएको जानकारी दिँदै प्रहरी उपरीक्षक शर्माले आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइएको जनाए ।

# गोली हानी श्रीमतीको हत्यापछि आत्महत्या प्रयास

**काठमाडौं ।** कैलालीको गोदावरी नगरपालिका-४ अमेलेशैनी गाउँका ३१ वर्षीय रामबहादुर मगरले आफ्नी श्रीमती २७ वर्षीया सञ्जिता मगरको गोली हानी हत्या गरेपछि आफैँमाथि गोली प्रहार गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता योगेन्द्र तिमिल्सिनाका अनुसार गोली लागेर सञ्जिताको घटनास्थलमै मृत्यु भएको हो । उनले घाइते रामबहादुरलाई बेहोस अवस्थामा सेती प्रादेशिक अस्पताल धनगढी पुऱ्याइएको जानकारी दिए ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार बुधबार अपराह्न गाउँ नजिकैको जंगलमा बाख्रा चराइरहेका बेला श्रीमती सञ्जितासँग विवाद गरेका रामबहादुरले साथमा रहेको भरुवा बन्दुकले प्रहार गरेको प्रहरी प्रवक्ता तिमिल्सिनाले जानकारी दिए । 'गए राति स्थानीयवासीले जानकारी दिएपछि प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान थालेको छ । घटना भएको समय यकिन भइसकेको छैन' प्रहरी प्रवक्ता तिमिल्सिनाले भने ।

# निकुञ्जमा सिकार खेल्न गएका ५ बेपत्ता

**काठमाडौं ।** बर्दिया राष्ट्रिय निकुञ्जमा सिकार खेल्न गएका सुर्खेतका ५ जना बेपत्ता भएका छन् । सिकार खेल्न गएका बराहताल गाउँपालिका-१ ज्यामिरेका २५ वर्षीय रेशम समसेली, ४१ वर्षीय रविलाल दमाई, ३४ वर्षीय रामबहादुर घर्ती, ३० वर्षीय सुनिल समसेली र लेकवेशी नगरपालिका-८ गङ्गटे घर भई हाल बर्दिया बस्ने ४५ वर्षीय दुर्गाबहादुर सिजाली बेपत्ता भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाका अनुसार आइतबार बेलुका ५ बजेतिर प्रहरीलाई सिकार खेल्न गएहरूका बेपत्ता भएको खबर प्राप्त भएको थियो ।

खबरलगत्तै प्रहरी सहायक निरीक्षक टोपेन्द्र सिंह ठकुरीको कमाण्डमा चार जनाको प्रहरी टोली खोजी कार्यमा खटिएको छ भने जिल्ला प्रहरी कार्यालय बर्दियालाई जानकारी गराइएको सुर्खेत प्रहरीले जनाएको छ ।

# चिनियाँ कम्युनिस्ट पार्टीद्वारा रास्वपालाई बधाई

**काठमाडौं ।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई मिलेको सफलताप्रति चिनियाँ कम्युनिस्ट पार्टी (सिपीसी) ले बधाई तथा शुभकामना व्यक्त गरेको छ ।

सिपीसीको अन्तर्राष्ट्रिय विभागले पठाएको उक्त बधाई सन्देशमा दुई पार्टीबीचको बढ्दो सम्बन्धप्रति खुसी व्यक्त गर्दै आगामी दिनमा हुने सहकार्यबाट सम्बन्ध थप विस्तार हुने विश्वास व्यक्त गरिएको छ । रास्वपाका अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्रमुख शिशिर खनालले पार्टीलाई प्राप्त पत्रबारे जानकारी दिएका हुन् । उनका अनुसार पत्रमार्फत सिपीसीले रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा चीन र नेपालबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा व्यक्त गरिएको छ ।

चिनियाँ पत्रमा दुई देशबीचको राजनीतिक आपसी विश्वासलाई थप मजबुत बनाउँदै दुवै देश र जनताको हितमा 'साझा भविष्यसहितको समुदाय' निर्माण गर्ने प्रतिबद्धता जनाइएको छ । उनले सिपीसीले विभिन्न क्षेत्रमा अनुभव आदानप्रदान, आपसी सिकाइ तथा द्विपक्षीय सम्बन्धको स्थिर विकासका लागि सहकार्य गर्न तत्परता देखाएको दावी समेत गरेका छन् । नेपालको स्वतन्त्र परराष्ट्र नीति तथा पञ्चशीलको सिद्धान्तप्रति प्रतिबद्ध रहँदै छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई उच्च प्राथमिकतामा राख्ने रास्वपाले जनाएको छ ।

# नयाँ जनमत देश, लोकतन्त्र र संविधानका लागि उपयोग हुनुपर्नेमा जोड

**काठमाडौं ।** पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनबाट प्राप्त दुई तिहाइ नजिकको जनमतलाई राष्ट्रिय स्वतन्त्र पार्टीले गणतन्त्र, संविधान र संघीयता जोगाउँदै देश बनाउने काममा उपयोग गर्न सक्नुपर्नेमा पूर्वराष्ट्रपति डा रामवरण यादवले जोड दिएका छन् ।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखरेलद्वारा लिखित 'संकल्पन' पुस्तकको लोकार्पण गर्दै उनले 'जेन-जी' युवाहरूको आन्दोलन, परिवर्तन र निर्वाचनको परिणामलाई सबैले स्वीकार गर्नुपर्ने र रास्वपाले त्यसलाई देश बनाउन सदुपयोग गर्न सक्नुपर्नेमा जोड दिएका हुन् । '२०१५ मा पनि नेपाली काङ्ग्रेसले दुई तिहाइ ल्याएर बिपी कोइराला प्रधानमन्त्री हुनुभएको थियो । त्यसले पूरा समय काम गर्न पाएन । हालको जनमत त्यसरी खेर नजाओस्' पूर्वराष्ट्रपति डा यादवको भनाइ थियो 'देश, संविधान, लोकतन्त्र, सङ्घीयता, धर्म निरपेक्ष, समावेशीता सबै बचोस् । संविधानको पालनाको काम होस्, तर आगामी निर्वाचनमा प्रतिपक्ष नरहने गरी आफू मात्रै जित्नुपर्छ भन्ने सोच कसैले राख्नुहुँदैन । प्रतिपक्षविना लोकतान्त्रिक प्रणाली बलियो हुनसक्दैन ।'

कार्यक्रममा नेपाली काङ्ग्रेसका नेता डा मिनेन्द्र रिजालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा बहुमत प्राप्त पार्टीले देशको निर्माणको नेतृत्व लिनुपर्ने र त्यसमा अरु सबै पार्टी र नागरिकले आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्नेमा जोड दिए । मुलुकमा विसं २०७४ यता 'कारोबारी राजनीति' र गठबन्धनको संस्कार चलिरहेकामा पछिल्लो जनमतले त्यसमा 'ब्रेक' लगाएको उल्लेख गर्दै उनले अब विगतका गल्ती नदोहोऱ्याउँदै मुलुक अगाडि बढ्नुपर्ने धारणा राखे । लोकतान्त्रिक व्यवस्थामा सूचना प्रविधिलाई गलत मनसाय राखेर नियमन गर्ने वा प्रतिपक्षविनाको राजनीतिक प्रणालीको कल्पना गरिनु उचित नहुने पूर्वमन्त्री डा रिजालको भनाइ थियो ।

कार्यक्रममा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, वरिष्ठ पत्रकार बबिता बस्नेत लोकतन्त्रमा जिम्मेवारीमा रहेका सबै थप जिम्मेवार हुनुपर्नेमा जोड दिँदै जनताले अनुभूत हुने गरी लोकतन्त्रलाई आत्मसात गर्नुपर्नेमा जोड दिएका छन् । लेखक पोखरेलले समकालीन राजनीति, समाज, लोकतन्त्र, विचार र पत्रकारिताका विषयमा आफूले देखेका समय र सन्दर्भलाई संकलन गरेर पुस्तकका रूपमा ल्याएको जानकारी दिए ।

# भारी वर्षा र हुरीको सम्भावना, सचेत रहन आग्रह

**काठमाडौं ।** राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भारी वर्षा र हुरीको सम्भावना रहेकाले सचेत रहन आग्रह गरेको छ । प्राधिकरणले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै जोखिम न्यूनीकरणका लागि सचेत रहन आग्रह गरेको हो । जल तथा मौसम विज्ञान विभागले आगामी तीन दिनमा कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा भारी वर्षा र हिमपात हुने सम्भावना रहेको उल्लेख गरेको छ । पछिल्लो समय दाङ, नेपालगञ्ज र लुम्बिनी प्रदेशका तराई क्षेत्रहरूमा तीव्र गतिमा हुरी चल्ने अनुमान समेत गरिएको छ ।

विभागले शनिबारसम्म विराटनगर, धनकुटा र धरान आसपासका जिल्लामा ११९ किलोमिटर प्रतिघण्टासम्मको तीव्र हुरी चल्ने सम्भावना रहेको जनाएको छ । हुरीका कारण रूख ढल्ने, कमजोर संरचना क्षतिग्रस्त हुने तथा विद्युत र सञ्चार सेवा प्रभावित हुने जोखिम रहेको समेत बताएको छ । प्राधिकरणका उपसचिव रामबहादुर केसीले प्रभावित क्षेत्रका बासिन्दा र यात्रुलाई अनावश्यक यात्रा नगर्न, घरको इन्धन बन्द गर्न, सुरक्षित स्थानमा बस्न र सवारी साधन सञ्चालन नगर्न विशेष सतर्कता अपनाउन आग्रह गरे । कमजोर संरचना र विद्युत तारहरूमा जोखिम हुनसक्ने भएकाले विद्युतीय उपकरण नचलाउन समेत केसीले अनुरोध गरेका छन् ।

मौसम सम्बन्धी नियमित पूर्वानुमान र सतर्कता जारी गर्दै विभागले सबैमा आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ । प्रि-मनसुनका कारण पछिल्लो एक साताहेखि भइरहेको बदली र वर्षा बुधबार सामान्य, बिहीबारदेखि फेरि बदली बढ्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ । बुधबार मौसम सफा भए पनि बिहीबारबाट क्रमशः बढ्ने देखिएको छ । विभागका वरिष्ठ मौसमविद वरुण पौडेलले प्रि-मनसुनका समयमा कुनैबेला खुल्ने, फेरि प्रणाली विकास भएर बदली हुनेक्रम जारी रहने र बिहीबारबाट बदली थपिने बताए । शुक्रबार र शनिबार बदली थप बढी देखिने र ठाउँठाउँमा वर्षा हुने तर देशैभरि एकैसाथ पानी पर्नेभन्दा पनि कतै पर्ने कतै रोकिने अवस्था रहने उनले बताए ।

वरिष्ठ मौसमविद वरुण पौडेलले प्रि-मनसुनका समयमा हावाहुरी, चट्याङ र असिनापानीको बढी जोखिम हुने पनि बताए । कतै घाम लागिरहेको समयमा अर्को ठाउँमा हावाहुरी र असिनापानीले ठूलो असर गराउने भएकाले सचेत रहन उनको आग्रह छ । नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको आंशिक प्रभाव रहेको छ । कोशी, गण्डकी र कर्णाली प्रदेशको हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ । बिहीबार लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशलगायत गण्डकी, वाग्मती र कोशी प्रदेशको पहाडी र हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने जनाइएको छ ।

कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भू-भागका केही स्थान, लुम्बिनी र गण्डकी प्रदेशको पहाडी र हिमाली भू-भागका थोरै स्थान तथा वाग्मती र कोशी प्रदेशका पहाडी र हिमाली भू-भागका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिनासहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको छ । यसअघि सोमबार राति वर्षासँगै चलेको हावाहुरीले खोटाङ जिल्लाका विभिन्न क्षेत्रमा दर्जनौं घरगोठ तथा विद्यालयको छाना उडाउँदा करोडौंको क्षति भएको छ । सोमबार साँझ ८ बजेदेखि सुरु भएको वर्षासहितको हुरीले जिल्लास्थित विभिन्न ठाउँका दर्जनौं स्थानीयवासीको घरगोठ तथा विद्यालयका छाना उडाएको हो ।

हावाहुरीले हलेसी तुवाचुङ नगरपालिका-३ च्यास्मिटारस्थित छोर्तिपास्थित एउटै टोलका १५, सोही नगरपालिकाको बाहुनीडाँडा र धितुङका स्थानीयवासीको २५ घरको छाना उडाएको जानकारी प्राप्त भएको नगरप्रमुख बिमला राईले जानकारी दिइन् । सोही नगरपालिकाको वडा नं ८ धितुङका छविलाला सार्की, कमलबहादुर सार्की र मानबहादुर सार्कीको घरको छानो हुरीले उडाएको छ । हावाहुरीले गरेको क्षतिको विवरण संकलन गर्न सम्बन्धित वडा कार्यालयबाट जनप्रतिनिधिसहितको टोली परिचालन गरिएको नगरप्रमुख राईले जानकारी दिइन् ।

जिल्ला प्रहरी कार्यालयले रावाबेँसी गाउँपालिका-१ कुभिण्डे हरमटारस्थित युवराज भट्टराईको घर, दिप्रुङ चुइचुम्मा गाउँपालिका-१ याम्खाका केशव पराजुली, कुमार श्रेष्ठ, रमेश श्रेष्ठ तथा दिक्तेल रूपाकोट मझुवागढी-७ दोर्पाका सुनसरी राई, सोही नगरपालिका-३ बाम्राङका पदमबहादुर कटुवालको घरको छानो हावाहुरीले उडाएको बताएको छ । शिक्षा विकास तथा समन्वय इकाई खोटाङका प्रमुख तीथ विश्वकर्माले दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१२ जापलास्थित जनता आधारभूतलगायत जिल्लाका अधिकांश विद्यालयमा क्षति पुऱ्याएको सूचना आएको जनाकारी दिए । असिनापानीसहित चलेको हुरीले रुख ढलेकाले जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएका छन् ।

हुरीका कारण सामुदायिक रेडियो हलेसी एफएम १०२.४ मेगाहर्जको मुडेमा रहेको रिपिटर टावरमा समेत क्षति पुगेको सञ्चालक समिति अध्यक्ष विष्णुकुमार राईले जानकारी दिए । हुरीका कारण उदयपुरको जलजले र ओखलढुंगाबाट आउने ३३ केभी प्रसारण लाइन विद्युतमा देखिएको समस्या समाधान गरेपछि सञ्चालनमा आएको नेपाल विद्युत प्राधिकरण दिक्तेल वितरण केन्द्रले जनाएको छ ।

# विपद्का घटनामा ३ को मृत्यु

**काठमाडौं ।** मौसम बदलीसँगै हावाहुरी र चट्याङ जस्ता विपदजन्य घटनाका कारण तीन जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हावाहुरी चट्याङ र असिनापानीले ३० जिल्ला प्रभावित हुनुका साथै तीन जनाको मृत्यु भएको हो ।

चट्याङ लागेर एक र हावाहुरीबाट दुई जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । कूल ४१ वटा विपदजन्य घटनामध्ये चट्याङबाट तीन र हावाहुरीबाट दुईजना घाइते भएका छन् । प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार हावाहुरीका मात्रै १७ र चट्याङका पाँच घटना भएका थिए । ती घटनामा ६ पशु चौपाय मरेका छन् भने ९ लाख बढीको क्षति भएको प्राधिकरणले मंगलबार सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ ।

नेपालमा पछिल्लो एक सातादेखि मौसम बदली भई हावाहुरी, चट्याङ र असिनापानी परिरहेको मौसम विज्ञान विभागले यो क्रम अझै केही दिन जारी रहने बताएको छ ।

## दलहरूलाई...

गराउने कार्य निकै चुनौतीपूर्ण भए पनि निर्वाचन सम्पन्न गराउन सक्नु प्रशंसालायक काम भएको नेताहरूले बताए ।

यसअघि आइतबार नेपाली कांग्रेसका सभापति गगन थापासहितको पदाधिकारी टोलीले प्रधानमन्त्री पनि सुशीला कार्कीसँग भेट गरेको थियो । सभापति थापा, उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसालगायत सहभागी उक्त टोलीले प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री कार्कीसँग भेट गरेको उनको सचिवालयले बताएको छ । गृहमन्त्री ओमप्रकाश अर्यालसहितको उक्त भेटवार्तामा विभिन्न भूमिकामा रहेर निर्वाचन सफल बनाउन कांग्रेसले निर्वाह गरेको सहयोगी भूमिकाप्रति कार्कीले आभार व्यक्त गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रेस सल्लाहकार रावलका अनुसार एउटा निर्वाचनमा पराजित हुँदैमा विचलित नहुन प्रधानमन्त्री कार्कीले कांग्रेस नेताहरूलाई आग्रह गरिन् ।

प्रधानमन्त्री कार्कीले नेपाल कम्युनिस्ट पार्टी (एमाले) नेतृत्व तहका प्रतिनिधिलाई पनि बालुवाटारमै भेट गरी निर्वाचन सफल पार्न सहयोगी भूमिका निर्वाह गरेकामा धन्यवाद दिएकी थिइन् । निजी सचिवालयका अनुसार एमाले नेतात्रय ईश्वर पोखरेल, प्रदीप ज्ञवाली र महेश बर्तौला बालुवाटार पुगेका थिए ।

शान्तिपूर्ण वातावरणमा निर्वाचन सफल पार्न भूमिका खेलेकामा एमाले नेताहरूलाई धन्यवाद दिँदै प्रधानमन्त्री कार्कीले भनिन्- 'यो कठिन अवस्थालाई शान्तिपूर्ण रूपमा निकास दिने एक मात्र विकल्प निर्वाचन नै थियो । राष्ट्रप्रतिको जिम्मेवारी सम्झेर यहाँहरूले जुन सहयोगी भूमिका खेलिदिनुभयो र निर्वाचनमा सक्रिय सहभागिता जनाइदिनुभयो, यसका लागि धन्यवाद दिन चाहन्छु ।' निर्वाचनमा जित-हार भइरहने भएकाले एकपल्टको जनादेशबाट विचलित नहुन उनले एमालेका नेताहरूलाई समेत सान्त्वनासहितको आग्रह गरिन् ।

'एकै पटकको जनमतले सधैंका लागि पार्टीहरूको हैसियत निर्धारण गर्दैन । भारतमा अटलबिहारी बाजपेयी र इन्दिरा गान्धीका पालामा उहाँहरूको पार्टीले व्यहोरेको उतारचढाव पनि हामीले देखेकै छौं,' उनले भनिन्- 'राजनीति निरन्तरको अभियान भएकाले देश र जनताका मुद्दा बोकेर लागिरहनुहोस् ।'

सबै पक्षको चित्त बुझाउँदै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराएकामा एमाले नेताहरूले पनि प्रधानमन्त्री कार्की र सरकारलाई बधाई दिए । मुलुकलाई कठिन घडीमा नेतृत्व प्रदान गरी सर्वस्वीकार्य, शान्तिपूर्ण र लोकतान्त्रिक निकास दिएको भन्दै एमाले नेताहरूले प्रधानमन्त्री कार्कीलाई धन्यवाद दिए ।

## पुरानालाई ३६...

देशको सबैभन्दा ठूलो समस्या सामाजिक न्याय भएकाले त्यसका लागि पैरवी गर्नुपर्नेमा लामिछानेले जोड दिए । 'सामाजिक न्याय नभएको समाज मानिस बस्ने समाज होइन, एउटा चुनावबाट अर्को चुनाव होइन- एउटा पुस्ताबाट अर्को पुस्ताका लागि हामी लडेका हौं; वर्तमान व्यवस्था र संविधानप्रति हामी प्रतिबद्ध छौं' उनले थपे- 'हामी विजयी हुनु भनेको जिम्मेवार हुनु हो, त्यसैले अनुशासित भएर आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नेछौं ।'

पार्टीबाट निर्वाचित सांसदहरूलाई देशको संविधान, संसदको नियमावली र पार्टीको विधानअनुसार मुलुक र जनताप्रति इमानदार भएर काम गर्न आग्रह गर्दै लामिछानेले भने- 'नेपाल लगानीका लागि सुरक्षित देश हो भनेर अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त पार्न चाहन्छौं ।'

एलपी भानु शर्माले योगाभ्यास र योगध्यान सिकाएर सुरु भएको रास्वपाको उक्त प्रशिक्षणको पहिलो दिन डा. तोयानारायण ज्ञवालीले सरकार सञ्चालन प्रक्रियाबारे सांसदहरूलाई सुसूचित गराए । राष्ट्रिय योजना आयोगका पूर्वसचिव समेत रहेका ज्ञवालीले योजना तथा बजेट निर्माणबारे जानकारी दिए । पूर्वसचिव प्रतापकुमार पाठकले सुशासनसम्बन्धी अवधारणा र अभ्यासबारे जानकारी दिए ।

# दलनेतामा सुहाङको रहर, बादललाई दिन ओली तयार

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले हालै सम्पन्न भएको निर्वाचनको परिणामले अधिकांश नेताहरूलाई संसदबाहिर पारेको स्थितिमा पुराना पुस्ताका भनिएका नेता रामबहादुर थापा 'बादल' समानुपातिक तर्फबाट सांसद बनेका छन् । पार्टीको कार्यवाहक अध्यक्ष समेत थापालाई नै सुम्पेका अध्यक्ष केपी शर्मा ओली अहिले उनै थापालाई संसदीय दलको नेता बनाउने तयारीमा रहेको चर्चा चलेको हो ।

प्रतिनिधिसभाको निर्वाचनमा आफ्नै गृहजिल्ला झापाबाट पराजय व्यहोरेका अध्यक्ष ओलीको त्यसखाले निर्देशनलाई सहज स्वीकार गर्ने पक्षमा एमाले युवा नेताहरू देखिएका छैनन् । यसैबीच पूर्वसभामुखका छोरा समेत रहेका इलामबाट निर्वाचित युवा नेता सुहाङ नेम्वाङले दलको नेता बन्ने तरखर गरेको उनी निकटका नेताहरू बताउँछन् । प्रतिनिधिसभा निर्वाचनमा व्यहोरेको पराजयपछि एमालेभित्र देखिएको निराशा र पलायनलाई मध्यनजर गर्दै नयाँ सन्देश प्रवाहका लागि उम्मेदवारी दिने तयारीमा जुटेको सुहाङनिकट स्रोतले जनाएको छ ।

युवाहरूबीच लोकप्रिय सांसद नेम्वाङले आफू निकटहरूलाई संसदीय दलको नेतामा उम्मेदवारी दिने जानकारी समेत दिइसकेका स्रोतले जनाएको छ । स्रोतका अनुसार उनले भने 'म कुनै पदको लालसा वा महत्वाकांक्षाका लागि होइन, हाम्रो पार्टी र कम्युनिस्ट आन्दोलनमा देखिएको निराशा, हतासा र पलायनलाई रोक्नका लागि सन्देश प्रवाहका लागि उम्मेदवारी दिन चाहन्छु ।' एमाले 'जेन-जी' आन्दोलनपछि अलोकप्रिय बनेको देखिए पनि सो आन्दोलनप्रति समर्थन जनाउँदै आफ्नो भागमा पर्ने कमजोरी स्वीकार गर्ने बताएका नेम्वाङ भने 'जेन-जी' युवापुस्ताबीच लोकप्रिय नै देखिन्छन् ।

उनले अधिकारका लागि सडकमा आएका 'जेन-जी'लाई उत्तेजनापूर्ण आरोप लगाउने र आफ्नै सन्तानलाई गाली गर्ने जिम्मेवार अभिभावक बन्न नसकेने उल्लेख गर्दै एक विज्ञप्तिमार्फत पार्टी नेतृत्वलाई सजग गराएका थिए । सुहाङ संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको निधनपछि २०८१ बैशाखको उपनिर्वाचनबाट राजनीतिमा उदाएका थिए । उनले भरखरै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा इलाम-२ बाट भारी मतान्तरले जित हासिल गरेका छन् ।

# परिणामप्रतिको जवाफदेहिता मेरै हो : गगन

**काठमाडौं ।** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले हालसालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनबाट पार्टीलाई प्राप्त मतपरिणामको जिम्मेवार आफू नै भएको भन्दै पदबाट राजीनामा दिएको उल्लेख गरेका छन् ।

विशेष महाधिवेशन गरी सभापति बनेका थापाले आफू कुन अवस्थामा पार्टी सभापति बने भन्ने कुरा गौण भएको उल्लेख गर्दै अबका दिनमा पनि पार्टीका नेता-कार्यकर्तासँग देशभर गएर संवाद गर्ने, भावना र सुझाव सुन्ने प्रतिबद्धता व्यक्त गरेका हुन् । 'विशेष महाधिवेशनपछि पार्टी सभापतिको जिम्मेवारी सम्हाल्दै अत्यन्त छोटो समयमै निर्वाचनमा पार्टीको नेतृत्व गर्नु मेरो लागि अवसर र चुनौती दुवै थियो' प्रतिनिधिसभा सदस्य आफैंले समेत हार व्यहोरेका थापाले थपे 'विशेष महाधिवेशनले केवल नेतृत्व परिवर्तन मात्र गरेको थिएन, त्यो नेपाली कांग्रेसभित्र बहुआयामिक सुधार र आत्मसमीक्षाको सुरुवात पनि थियो । पार्टीभित्र सुरु भएको परिवर्तनले कार्यकर्तामा उत्साह जगाए पनि आम मतदातासम्म 'बदलिएको कांग्रेस' को सन्देश प्रभावकारी रूपमा पुऱ्याउन पर्याप्त समय प्राप्त हुन सकेन ।'

'यस पटकको परिणामका प्रमुख कारणहरूमध्ये समयको यो सीमितता मुख्य कारण रहेको मेरो बुझाइ छ म स्पष्ट छु- यदि विशेष महाधिवेशन सम्पन्न नभई निर्वाचनको सामना गर्नुपरेको भए परिस्थिति र परिणाम अझ प्रतिकूल हुन्थ्यो । तथापि यस निर्वाचनमा पार्टी मेरो नेतृत्वमा सहभागी भएको थियो, त्यसैले मैले कति समय जिम्मेवारी सम्हालें वा कुन अवस्थामा सम्हालें वा नसम्हालेको भए के हुन्थ्यो भन्ने विषय गौण हो । वर्तमान परिणामप्रतिको जवाफदेहिता मेरो हो भन्नेमा म पूर्णतः स्पष्ट छु' कांग्रेस सभापति थापाले उल्लेख गरेका छन् ।

निर्वाचन सम्पन्न भएसँगै आफूले राजीनामा दिने मनस्थिति बनाएको भए पनि निर्वाचनसँग सम्बन्धित जिम्मेवारीसँग जोडिएका अन्य आवश्यक कार्यहरू सम्पन्न गर्नुपर्ने भएकोले ती सम्पन्न गर्ना साथै राजीनामा पेस गरेको समेत थापाले बताए । थापाले आगामी दिनहरूमा देशका विभिन्न भागमा पुगेर पार्टीका साथीहरूसँग र आम नागरिकसँग संवाद गर्ने, उनीहरूको भावना बुझ्ने र सुझाव सुन्ने धारणा व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसको पुनर्निर्माण तथा सुदृढीकरणको यात्रामा सक्रिय रूपमा थप उर्जाका साथ संलग्न रहने उल्लेख गर्दै उनले आफूले पार्टीको सभापति पदबाट राजीनामा दिने निर्णय गरेको बताए । यो निर्णय सुधार र पुर्निर्माणको यात्राबाट अलग नभएको दावी गर्दै थापाले यो निर्णय अन्त्य नभई यो नेपाली कांग्रेसको आत्मसमीक्षा, जवाफदेही र पुनर्जागरणतर्फको एउटा प्रारम्भिक कदम भएको बताए ।

# समानुपातिक सांसदले पाए प्रमाणपत्र, बादल र केसी अनुपस्थित

**काठमाडौं ।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीमा निर्वाचित भएका सांसदहरूले प्रमाणपत्र पाएका छन् । निर्वाचन आयोगले विभिन्न राजनीतिक दलका तर्फबाट समानुपातिक निर्वाचन प्रणालीमा निर्वाचित भएका सांसदहरूलाई प्रमाण पत्र प्रदान गरेको हो ।

आयोगले कार्यालयमा एक कार्यक्रम गरी समानुपातिकतर्फ निर्वाचित सांसदहरूलाई प्रमाण पत्र उपलब्ध गराएको हो । प्रत्यक्षतर्फ निर्वाचित भएका १६५ जनाले भने मतपरिणाम सार्वजनिक भएलगत्तै मुख्य निर्वाचन अधिकृत कार्यालयबाट प्रमाण पत्र पाएका थिए ।

आयोगले बिहीबारका लागि तय गरेको समानुपातिक सांसदको प्रमाणपत्र लिने कार्यक्रममा सांसदद्वय कांग्रेस नेता अर्जुन नरसिंह केसी र एमाले उपाध्यक्ष रामबहादुर थापा बादल उपस्थित भएनन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई प्रमाणपत्र वितरण गरिएको छ । निर्वाचन आयोगले केन्द्रीय कार्यालय बहादुर भवनमा आयोगना गरेको कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबराले टीका एवं फूलमालाले स्वागत गरेका थिए ।

आयोगका सचिव एवं समानुपातिक प्रणालीतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले प्रमाणपत्र वितरण गरेका थिए । समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् ।

यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट १६, नेपाली कम्युनिस्ट पार्टीबाट ९, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट ४/४ जना सांसद निर्वाचित भएको आयोगले सोमबार नै घोषणा गरिसकेको थियो । यस पटकको निर्वाचनमा कूल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ ।

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं !

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।
- विविधतामा एकता, सद्भाव र सहिष्णुता !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६०००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं